
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ११० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २१ गते शुक्रबार ❑ 3 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## काठमाडौँ बन्यो सबैभन्दा प्रदूषित सहर

**रासस**
काठमाडौं, २० बैशाख

काठमाडौँ बिहीबार फेरि वायु प्रदूषणको हिसाबले विश्वकै पहिलो प्रदूषित सहरका रुपमा सूचीकृत भएको छ। 'एयर क्वालिटी इन्डेक्स' को आजको तथ्याङ्कअनुसार समग्र वायु गुणस्तर सूचकाङ्क (एक्युआई) एक सय ६२ पुगेको छ।

एयर क्वालिटी इन्डेक्स' का अनुसार दोस्रो प्रदूषित सहरका रुपमा थाइल्याडको चियाङ माई सहर सूचीकृत भएको छ। यसैगरी इन्डोनेसियाको मेदान तेस्रो प्रदूषित सहरका रुपमा सूचीकृत रहेको छ। सुक्खा यामसँगै बढ्दै गइरहेको तापक्रम वृद्धिसँगै मुलुकको विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायुप्रदूषण पनि बढिरहेको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बिहीबार ३९ जिल्लाका एक सय ६५ स्थानमा वन डढेलो लागिरहेको छ । डढेलोविद् सुन्दर शर्माले मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलोसँगै प्रदूषण पनि बढिरहेको जानकारी दिनुभएको छ । "वनमा लागिरहेको डढेलोका कारण अहिले वायुप्रदूषण बढेर काठमाडौँलगायतका मुख्य सहरका हावा अस्वस्थ बनेको छ", उहाँले भन्नुभयो, "केही समय पानी नपरे वन डढेलो पनि नियन्त्रणमा ल्याउन गाह्रो हुने र प्रदूषण अझै बढ्ने खतरा रहेको छ।" तर जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसारकेही स्थानमा छिटपुट वर्षा भए पनि तत्कालका लागि राम्रो वर्षाको सम्भावना छैन ।

विपत् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआई ५० राम्रो अर्थात् ग्रीन सिङ्गलले चिनिन्छ । "५१ देखि एक सयसम्मको एक्युआइलाई होसियार रहुँ अथवा पहेंलो सङ्कतले चिनिन्छ। यसैगरी एक सय एकदेखि एक सय ५० सम्मलाई अस्वस्थ जसमा श्वासप्रश्वास र मुटुरोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ", उहाँले भन्नुभयो, "एक सय ५१ देखि दुई सयदेखिको एक्युआइलाई पनि अस्वस्थ तर सबैलाई असर गर्छ भन्ने बुझिन्छ । २०१ देखि ३०० सयलाई धेरै अस्वस्थ्यका रुपमा लिइन्छ र तीन सय एकदेखि चार सयलाई खतरनाक र ४०१ देखि ५० लाई धेरै खतरा मानिएको छ।" बढ्दो वन डढेलोका कारण वायुप्रदूषण पनि बढिरहेको भन्दै वन डढेलो जतिसक्दो छिटो नियन्त्रण गर्न नसके प्रदूषण बढेर आपत्कालीन अवस्थामा पुग्ने बताउनुहुन्छ वातावरण अभियन्ता राजन थापा । काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआइको मान ३०० भन्दाबढी भएको अवस्थालाई विपद्का रुपमा लिने बताएको छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ।

## पोखराका संरक्षणकर्मी आचार्यलाई विश्व प्रसिद्ध ह्विट्ली पुरस्कार

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

पोखराका राजु आचार्य हरित क्षेत्रको ओस्कार मानिने ह्विट्ली पुरस्कारबाट सम्मानित भएका छन् ।

बेलायती राजकुमारी एनले लन्डनमा बुधबार आयोजित एक कार्यक्रमका बिच हरित क्षेत्रको ओस्कार मानिने ह्विट्ली पुरस्कारबाट संरक्षणकर्मी आचार्यलाई सम्मान गरेकी हुन् । पुरस्कारको राशी ५० हजार पाउण्ड छ । विश्वभरका ६ जनालाई प्रदान गरिएको सो पुरस्कार आचार्यलाई लाटोकोसेरो संरक्षणमा पुऱ्याएको योगदानको कदर स्वरुप प्रदान गरिएको हो । ३० बर्षमा ८० भन्दा बढी मुलुकका २०० जना संरक्षणकर्मीहरुले सो पुरस्कार प्राप्त गरेका छन्। यो बर्ष आचार्य सहित ब्राजिल, भुटान, पपुवा न्यु गिनिया, क्यामरुन र गुयानाका संरक्षणकर्मीहरु पनि सो पुरस्कार प्राप्त गरेका छन् । गण्डकी प्रदेशमा प्रस्ताव गरेको लाटोकोसेरोको संरक्षणको काममा पुरस्कार रकम खर्च गरिने उनले जानकारी दिए । नेपाल सरकारले बनाएको १० बर्षे लाटोकोसेरो संरक्षण कार्य योजनाले तोकेको



कार्यहरूमा सो रकम खर्च हुनेछ । सो कार्यक्रम अन्तर्गत गुलेली नियन्त्रण, बुढा रुखको संरक्षण, कृत्रिम गुडको वितरण तथा लाटोकोसेरोको अबैध चोरी सिकारी नियन्त्रण आदि रहेको छ। यो कामहरु गर्नको लागि उनको समुहमा सोम जिसी र सुमन सापकोटा समेत रहेका छन् ।

पुरस्कार पाएपछि जिवनकै खुशीको दिन रहेको उनले सुनाए । 'यो पुरस्कार पाउनु मेरो जीवनको सबै भन्दा खुशीको दिन हो। पुरस्कार ती सबै चराको लागि समर्पित छ जो दुर्लभ नभएकै कारण अनुसन्धान र संरक्षणकर्मीको आँखामा परेका छैनन्' उनले भने, 'बिना स्वार्थ लाटोकोसेरो संरक्षण अभियानमा जोडिएका सबैलाई मुरी मुरी धन्यवाद ।' हाल प्रकृतिका साथीहरु संस्थाको कार्यकारी निर्देशक समेत रहेका आचार्यले बिगद ३५ वर्षदेखि वन्यजन्तुको अध्ययन र संरक्षणमा विशेष योगदान गरेका छन् । १६ वर्षदेखि उनी लाटोकोसेरोको काममा बढी सक्रिय छन् । उनको लाटोकोसेरो प्रतिको माया र लगावको कारणले नेपालमा उनले 'उल्लु सर' को उपनाम चिनिन्छन् ।

गएको १६ वर्षमा उनी प्रत्यक्ष रूपमा ६० हजार भन्दा मानिसहरू सम्म पुगेर लाटोकोसेरोको महत्वको बारेमा जानकारी गराएका छन् । उनका लाटोकोसेरोका सम्बन्धी ५ वटा पुस्तकहरू प्रकाशित छन् । नेपालबाट विधुतीय रुपमा प्रकाशित हुने लाटोकोसेरो सम्बन्धि पत्रिका हाप्सिलोका सम्पादक समेत हुन् । यसका साथै उनका १ सय २५ भन्दा बढी प्रकृतिसम्बन्धि फिचर लेखहरु प्रकाशित छन् । नेपालका ६८ जिल्ला घुमेका उनले हजारौं विद्यार्थीहरुलाई लाटोकोसेरोको संरक्षण गर्न प्रेरित गरेका छन् ।

नेपालको सबै भन्दा ठुलो संरक्षणको अभियान नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव पनि उनकै नेतृत्वमा ११ वर्ष देखि सञ्चालन हुँदै आएको छ । लाटोकोसेरो बाहेक उनले ब्वाँसो, जंगली चौंरी, हिउँ चितुवा, ध्वाँसे चितुवा, वन कुकुर, साना मांसाहारी, गिद्ध, कालिज, मानव-वन्य जन्तु द्वन्द्व, जैविक विविधता अभिलेखीकरण, वन कार्बन, समुदायमा आधारित प्रकृति संरक्षण, हरित विद्यालय आदिमा समेत काम गरेका छन् ।

नवीन काम गर्न रुची राख्ने आचार्यले अन्य अनुसन्धानकर्मी नपुगेको क्षेत्र तथा प्रजातिको अनुसन्धान र संरक्षणको लागि नेतृत्व गरि रहेका छन् । पश्चिममा हुम्लादेखि पूर्वमा सङ्खुवासभासम्मका क्षेत्रमा काम गरेका छन् ।

## राष्ट्रपतिद्वारा वैशाख २८ गतेका लागि संसद अधिवेशन आह्वान

**रासस**
काठमाडौं, २० बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसदको दुबै सदनको अधिवेशन आह्वान गर्नुभएको छ।

राष्ट्रपति पौडेलले यही वैशाख २८ गते शुक्रबार दिउँसो दुई बजे बस्ने गरी अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपति कार्यालयद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ । "नेपालको संविधानको धारा ९३ (१) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को वैशाख २० गते को सिफारिसमा वैशाख २८ गते शुक्रबारका दिन २ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा सङ्घीय संसदको दुबै सदनको अधिवेशन आह्वान गर्नुभएको छ", राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

हार्दिक बधाई तथा शुभकामना !



यस विद्यालयका पूर्व विद्यार्थी **श्री राजु आचार्य** लामो समयदेखि प्रकृतिको संरक्षण (विशेष गरेर लाटोकोसेरोको अनुसन्धान तथा संरक्षणमा) समर्पित भएबापत **५0,000 पाउण्ड (झण्डै नेपाली रु ८३ लाख बराबर)** नगद राशीको विश्व प्रसिद्ध '**ह्विटली पुरस्कार**' बाट बेलायतमा पुरस्कृत हुनुभएकामा हामी पनि हर्ष विभोर भएका छौं। खुशीको यस क्षणमा उहाँलाई **हार्दिक बधाई** व्यक्त गर्दै उहाँको उत्तरोत्तर प्रगतिका साथै प्रकृतिको संरक्षणमा निरन्तर सक्रियताका लागि **मङ्गलमय शुभकामना** प्रकट गर्दछौं ।

लोकबहादुर कार्की
वि.व्य.स. अध्यक्ष

यदुराज पगेनी
प्रधानाध्यापक

एवम्
विद्यालय परिवार
श्री भद्रकाली माध्यमिक विद्यालय
पोखरा १३, कुँडहर, कास्की

# खुल्ला सिडिओ कप ब्याडमिन्टन प्रतियोगिता शुक्रबारदेखि पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

खेलकुदको शहर पोखरामा पहिलो पटक खुल्ला सिडिओ कप ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ। कास्की जिल्ला ब्याडमिन्टन संघको आयोजनामा शुक्रबार देखि उक्त प्रतियोगिता नेपालमै पहिलो पटक हुने भएको संघ कास्कीका अध्यक्ष शुसिल कुमार श्रेष्ठले बताउनु भयो।

प्रतियोगितामा १२ जिल्लाका करिब २ सय जना कर्मचारी, जनप्रतिनिधि सहित खेलाडीहरुको सहभागिता हुने भएको संघका सचिव फडिन्द्र तिमिल्सिनाले बताउनु भयो। जुनियर देखि भेट्रान्स सम्मका ६ वटा विधामा हुने प्रतियोगितामा कर्मचारी, जनप्रतिनिधि र खुल्ला पुरुष तर्फको प्रतियोगिता हुने भएको हो।

निजामती उपसचिव वा सो भन्दा माथिल्लो तहका कर्मचारी (सरकारी संस्थानका नवौं तह वा सो भन्दा माथिका कर्मचारी) सहभागि हुने भएको संघले जनाएको छ। पुरुष खुल्ला डबल तर्फको प्रतिष्प्रर्धाको विजेता जोडीले प्रथम पुरस्कार स्वरुप ५० हजार उपविजेता हुनेले ३० हजार र तेस्रो हुनेले भने २० हजार रुपैयाँ प्राप्त गर्ने भएको छ।

त्यसै गरी जनप्रतिनिधिहरु बिच हुने खुल्ला पुरुष डवल तर्फको प्रतियोगितामा बिजेताको जोडिले प्रथम, दोश्रो र तेश्रो क्रमशः ५०, ३० र २० हजार रुपैयाँ पुरस्कार रहेको सचिव फडिन्द्र प्रसाद तिमिल्सिनाले बताउनु भयो। ४५ वर्ष माथि उमेर समुहको भेट्रान्स खुला पुरुष डबल तर्फ विजेताको जोडीले ४० हजार, उपविजेताले २५ र तेश्रो हुनेले २४ हजार रुपैयाँ प्राप्त गर्ने भएका छन्। ५० वर्ष माथि उमेर समुहको भेट्रान्स खुला पुरुष डबल तर्फ विजेताको जोडीले ४० हजार, उपविजेताले २५ र तेश्रो हुनेले २४ हजार रुपैयाँ प्राप्त गर्ने भएका छन्। नेपाल शीर्ष २० तथा बिना विभागीय खुला पुरुष डबल तर्फ विजेता हुने टोलीले ५० हजार दोश्रो हुनेले ३० हजार र तेश्रो हुनेले २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने भएको हो।

त्यसै गरी प्रतियोगितामा जुनियर खेलाडीहरुको प्रोत्साहनको लागि १५ बर्ष मुनिका खेलाडीहरु सहभागि (यु-१५) महिला खुला एकल तर्फको प्रतियोगिता हुने भएको हो। प्रतियोगितामा विजेताले ३० हजार, उपविजेताले २० हजार र तेश्रो हुनेले १० हजार पुरस्कार प्राप्त गर्ने भएको हो।

आधारभूतस्तरबाटै ब्याडमिन्टन खेलको विकासका साथै शारीरिक रुपमा तन्दुरुस्त, मानसिक रुपमा सचेत र सामूहिक भावनाले अभिवृद्धि गराउने उद्देश्य साथ उक्त प्रतियोगिता गर्न लागिएको उपाध्यक्ष बिशाल खड्काले बताउनु भयो। प्रतियोगिताले कर्मचारी तथा जनप्रतिनिधि तहमा पनि खेलको सकरात्मक प्रभाव पार्ने विश्वास गरिएको छ। प्रतियोगिताको जिल्ला प्रशासन कार्यालय कास्की संरक्षक रहेको छ।


खडेरीले सुके मकैका बोट : लामो समयसम्म पानी नपरेकाले पोखरा महानगरपालिका वडा नं १७ म्युजियम मार्गस्थित बारीमा कृषकले लगाएको मकैखेतीमा सुकेको मकैको बोट। खडेरीका कारण मकैको बोट सुक्न थालेपछि किसान चिन्तित बनेका छन्। तस्बिरःहरिप्रसाद बाँस्तोला/रासस

# सिद्ध र कालिका उपाधीका लागि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख




सिद्ध र अम्मरसिंह मावि पोखरा रंगशालामा जारी कंगारु एजुकेशन फाउण्डेशन टी-ट्वान्टी छात्रा क्रिकेट प्रतियोगिताको उपाधीका लागि आमने सामने हुने भएका छन्।

बिहीबार भएको सेमिफाइनल खेलमा सिद्धले अम्मरसिंह माविमाथि २ विकेटको रोमाञ्चक जित निकाल्दै उपाधीका लागि कालिकासंगको भेट पक्का गरेको हो। कालिका भने यसअघिनै ४ अंकका साथ नेट रनरेटका आधारमा फाइनल पुगिसकेको थियो।

पहिला ब्याटिङ गरेको अम्मर सिंहले पुरा २० ओभर खेल्दै २ विकेटको क्षतिमा १ सय ६ रन बनाएको थियो। अम्मरसिंहको ब्याटिङमा सिपको साथी कफी क्लास प्लेयर अफ द म्याच बनेकी चन्द्रमाया बरालले सर्वाधिक ३२ रनको पारी खेलिन्। सिद्धका लागि संजिला राना मगरले १ विकेट लिएकी थिइन्।

जितका लागि १ सय ७ रनको लक्ष्य पछ्याएको सिद्धले अन्तिम ३ बल बाँकि रहँदा लक्ष्य प्राप्त गरेको थियो। उसले १९.३ ओभरमा ८ विकेट गुमाएर जित निकाल्ने क्रममा रचना चौधरी र एलिना श्रेष्ठ दुवैले समान ११ रन बनाए।

अम्मरसिंहका बलरहरु सुविना गुरुङले ३, चन्द्रमाया बरालले २ तथा सुस्मिता विष्टले १ विकेट लिइन्। प्रतियोगिताको फाइनल खेल शुक्रबार हुने संयोजनकर्ता समितिका उपाध्यक्ष गोविन्द प्रधानले जानकारी दिए।

# इन्टरनेट सेवा अवरूद्ध हुने कार्य नगर्न सेवा प्रदायकलाई सञ्चार मन्त्रालयको आग्रह

**रासस**
काठमाडौं, २० बैशाख

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देशभर इन्टरनेट सेवा प्रदान गर्दैआएका केही सेवा प्रदायकहरुले 'ब्याण्डविथ' खरिद वापतको विदेशी मुद्रा भुक्तानीको सिफारिस नहुँदा इन्टरनेट सेवाअवरुद्ध भएको प्रकाशित समाचाप्रति गम्भीर ध्यानाआर्कषण भएको जनाएको छ।

मन्त्रालयले शुक्रबार एक प्रेस विज्ञप्ती जारी गर्दै इन्टरनेटजस्तो अत्यावश्यक सेवा अवरूद्ध हुने गरी कोही कसैले कुनै कार्य नगर्न नगराउन सेवा प्रदायक निकायहरुलाई आग्रह गरेको हो। आम उपभोक्ताबाट अग्रिमरूपमा सङ्कलन गरेको महशुलबाट कानुनबमोजिम राज्यलाई तिर्न बुझाउनपर्ने ग्रामीण दूरसञ्चार विकास शुल्क तथा रोयल्टी रकम समयमा नबुझाइ अत्यावश्यक सेवा अवरूद्ध हुने गरी कोही कसैले कुनै कार्य नगर्न र नगराउन आग्रह गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणमा दर्ता भएका एक सय २२ वटा इन्टरनेट सेवा प्रदायकहरू र २३ वटा नेटवर्क सेवा प्रदायकमध्ये केही इन्टरनेट सेवा प्रदायकबाहेक अन्य दूरसञ्चार सेवा प्रदायकले नियमअनुसार तिर्नु बुझाउनुपर्ने शुल्क बुझाएका सेवा प्रदायकहरूको विदेशी मुद्रा सट्टा सिफारिस नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने कानुनी व्यवस्थाबमोजिम नियमित सिफारिस भइरहेको पनि मन्त्रालयले जनाएको छ।

इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेवापत ग्राहकबाट अग्रिम रूपमा महशुल लिने गरेको, यसरी लिएको महशुलबाट वार्षिक आयको दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष र वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी बुझाउनुपर्ने व्यवस्थाबारे पनि मन्त्रालयले पुनः स्मरण गराएको छ। "इन्टरनेट सेवा प्रदायकहरूले देशभित्र इन्टरनेट सेवा प्रदान गरेवापत ग्राहकबाट अग्रिम रूपमा महशुल लिने गरेको, यसरी लिएको महशुलबाट वार्षिक आयको दुई प्रतिशत ग्रामीण दूरसञ्चार विकास कोष र वार्षिक कूल आम्दानीको चार प्रतिशत रोयल्टी बुझाउनुपर्ने व्यवस्था दूरसञ्चार ऐन, २०५३ को दफा ३० र दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा रहेको छ। नियमावलीको नियम २६ मा (१) नियम १० को उपनियम (५) र (६) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले गरेको वार्षिक कूल आम्दानीको चार प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रूपमा नेपाल सरकारलाई बुझाउनु पर्नेछ र सो अवधिभित्र नबुझाएमा बुझाउन बाँकी रहेको रकमको दुई प्रतिशतका दरले प्रत्येक महिना थप दस्तुर लाग्नेछ", विज्ञप्तिमा उल्लेख गरिएको छ। उक्त व्यवस्थाअनुसारको सो शुल्क बुझाउन नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकहरूलाई पटक पटक अनुरोध गरिसकेको पनि विज्ञप्तिमा जनाइएको छ।

# अनुकरणीय बन्दै आचार्यको व्यावसायिक कृषिकर्म

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

रोजगारीको खोजीमा दिनानुदिन नेपाली युवा विदेशिएको वास्तविकतामा यहीँ नै केही गर्न सकिन्छ भन्ने पोखरा महानगरपालिका-३३ भरतपोखरीका युवा रमेश आचार्य यतिखेर अन्यका लागि पनि अनुकरणीय बन्नुभएको छ।

स्नातकसम्म्को अध्ययन गर्नुभएको उहाँ आफ्नो १० वर्षको शिक्षण पेसा, तीन वर्षको वैदेशिक रोजगारीसँगै विद्युत् प्राविधिक समेतका अनुभव सगाल्दै अहिले भने व्यावसायिक कृषिमा निरन्तर क्रियाशील बन्नुभएको हो। विगत चार वर्षअघि तिखे ढुङ्गा बागमारा पशुपालन तथा कृषि फर्म दर्ता गरी व्यावसायिक कृषिमा लाग्नुभएका आचार्यले पोखरा महानगरपालिका-३३ स्थित सुरौदी खोला तिखे ढुङ्गामा पशुपालनसँगै व्यावसायिक रुपमा तरकारी, फलफूल तथा विभिन्न कृषिजन्य उत्पादन गर्दै आउनुभएको छ।

आफ्नो् फर्म अन्तर्गत हाल लगभग २० रोपनी क्षेत्रफलमा मकै खेती, दुई रोपनी क्षेत्रफलमा खरबुजा, काँक्रो, लसुन, प्याज आदिको खेतीसँगै २० वटा भैँसीपालन गरिरहेको उहाँले जानकारी दिनुभयो।"फर्ममार्फत बहुउद्देश्यीय रुपमा पशुपालन तथा अन्य कृषिजन्य उत्पादन गरिरहेको छु", उहाँले भन्नुभयो, "मैले गतवर्ष मात्रै १५ वटा लैना भैँसी बिक्री गरेको थिएँ।" उहाँले गतवर्ष प्रति लैनो भैँसी लगभग ९५/९६ हजार सम्ममा बिक्री गर्नुभएको थियो। व्यावसायिक कृषिमा लाग्ने हो भने जो कोहीले सामान्य रुपमा पनि मासिक ५०/६० हजारसम्मको आम्दानीका लागि विदेशिनुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ। व्यावसायिक कृषिमा नयाँ नयाँ प्रयोग गर्न रुचाउने आचार्यले दुई रोपनी क्षेत्रफलमा लगाउनुभएको खरबुजा अब उत्पादन दिने क्रममा छ। अघिल्लो वर्ष परीक्षणस्वरुप १५/२० बोट लगाएका उहाँले त्यसकै अनुभवका आधारमा अहिले लगाएको खरबुजाले राम्रो उत्पादन दिने विश्वास व्यक्त गर्नुभयो। सुरौदी फाँटमा व्यावसायिक कृषिको राम्रो सम्भावना रहेको बताउँदै उहाँले हाल परीक्षणका रुपमा लगाएको लसुन तथा प्याज पनि राम्रो फलेको अनुभव सुनाउनुभयो। आचार्यको व्यावसायिक कृषिको लगावमा परिवारको पनि राम्रो साथ र सहयोग छ।

उहाँलाई श्रीमती धनलक्ष्मी तथा स्नातक तहमा अध्ययन गरिहेका छोराछोरीले पनि साथ दिइरहेका छन्। सुरौदी फाँटमा व्यावसायिक कृषिको धेरै सम्भावना भएर पनि यसतर्फ अन्यलाई आकर्षित गर्न भने अझै नसकिएको उहाँको बुझाइ छ। राष्ट्रव्यापी ठूलो समस्याका रुपमा देखिएको बाँदरको समस्या सुरौदीमा पनि रहेको बताउँदै उहाँले वरपरका सबै मिलेर पालो लगाएर बाँदर कुर्नुपरेको दुःखेसो गर्नुभयो। थप दुई चार जना व्यवसायिक खेती गर्ने साथी भएमा मिलेर धेरै उत्पादन गर्न सकिने उहाँको भनाइ छ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अंगमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।


नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# प्रेस स्वतन्त्रतामा संकुचन

संविधानले पूर्ण प्रेस स्वतन्त्रता दिएको छाप्रकाशन पुर्व प्रतिबन्ध लगाउन पाइदैन । अभिव्यक्ति स्वतन्त्रता संविधानले दिएको छासंविधानले दिएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कानुन वा आदेशको नाममा रोक्न सकिँदैन । अहिले पद , शक्ति र धनको बलमा राज्यका महत्वपूर्ण अंगलई अघि सारेर पत्रकारहरु तर्साउने र डण्डा चलाएर असुरक्षित बनाउँदा प्रेस स्वतन्त्रता कुण्ठित हुने गर्छ । संचार माध्यममा आएका समाचारको सत्य तथ्य परिक्षण नगरी नियामक निकाय पद, शक्ति र धनीका लागि कुैनै प्रकृया पूरा नगरी समाचार हटाउने आदेश दिएर डण्डा चलाउने जस्तै व्यवहार देखाउन खोजेका छन।राज्यका महत्वपूर्ण अंग , सरकारी निकायको निगाहमा चल्नुपर्ने अवस्था आउनु प्रेस स्वतन्त्रतालाई संकुचन गर्ने नियत हो। सामाजिक सञ्जालमा आएका सामाग्रीलाई संचार माध्यम ठान्ने गरिएको छ । पत्रकारको व्यावसायिक र पेसागत सुरक्षा नहुँदा संचार माध्यम स्वतन्त्र बन्न सकेको छैन । सत्ता र शक्तिको आडमा पत्रकारिताको मुल्य र मान्यता विपरीत संचार माध्यम चलिरहँदा नियामक निकाय निरीह देखिन्छन् । पत्रकारको हितमा ल्याईएको न्युनतम पारिश्रमिक कार्यान्वयन हुन नसक्दा पत्रकारको पेशागत सुरक्षा हुन सकेको छैन । विना अवरोध स्वतन्त्र पत्रकारिता गर्न पाउने वातावरण निर्माण नभए सम्म स्वतन्त्र पत्रकारिताका लागि लडिरहनु पर्ने भएको छ ।

सन् १९९३ मा संयुक्त राष्ट्र संघ साधारण सभाको घोषणा पछि युनेस्कोको आब्हानमा मे ३ मा प्रेस स्वतन्त्रता दिवस मनाउने गरिएको छ । संसारभरीका पत्रकारहरुले मे ३ लाई महत्वपूर्ण दिनको रुपमा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन् । सत्ता र शक्तिको दुरुपयोग गरेर सञ्चार, न्याय र विधिको शासन बिचको सम्बन्धको महत्व बुझाउन सकेमात्र प्रेस सुरक्षित बन्छ । प्रेस स्वतन्त्रताको अवस्था विश्वभर राम्रो छैन । द्वन्द ग्रस्त मुलुकमा सबैभन्दा असुरक्षित पत्रकार भएका छन् । रिपोर्टिङमा गएका पत्रकार सुरक्षित रुपमा फर्कन्छन् कि फर्कदैनन् भन्ने अबस्था बिद्यमान छ ।

नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको छ । तर व्यवहारमा कार्यान्वयन नभइन्जेल संविधानमा लेखेर मात्र पुग्दैन । संविधानले दिएको अधिकार कानुन बनाएर संकुचन बनाउन खोज्नु प्रेस प्रतिको अनुदार सोच हो । नेपाली पत्रकारहरुको भौतिक र व्यावसायिक सुरक्षाको लागि पत्रकार महासंघले लामो समय देखि आवाज उठाउँदै आएको छ । महासंघका अधिवेशन र साधारण सभाका मुख्य विषय पत्रकारको सुरक्षा र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हुदै आएका हो । स्थानीय र प्रदेश सरकारले प्रेस स्वतन्त्रता प्रति प्रतिबद्ध र मिडियामैत्री हुने अपेक्षा अनुसार ब्यबहारमा देखिन सकेको छैन् । सरकारले तोकेको पारिश्रमिक दिन आनकानी गर्ने सञ्चार प्रतिष्ठान पनि स्वतन्त्र पत्रकारिताका पक्षपाति हुन सक्दैनन् । प्रेस स्वतन्त्रता दिवस मनाउनुको अर्थ श्रमजीवी पत्रकारको ऐनको कार्यान्वयन हो । पत्रकारलाई सबल बनाउन सुरक्षाको प्रत्याभुति र तालिम पनि उतिकै खाचो छ ।

पत्रकार दुर्घटना बिमा र स्वास्थ्य बिमा प्राथमिक सर्त बन्नु पर्दछ । स्वतन्त्र प्रेसको लागि जिम्मेवार र मर्यादित बन्नु आवस्यक छ । राज्यले संविधानमा भएको प्रावधान अनुसार कानुन बन्नु पर्दछ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कागजी खोष्टो मात्र नबनाउन सरकारले ब्यबहारबाट पुष्टि गर्ने बेला आएको छ । जनताले सहि सूचना पाउने र राज्य जनतालाई सहि सुचना दिन प्रतिबद्धता जनाउने बेला यही हो । मूलधारका संचार माध्यम भन्दा सामाजिक संजाल र युट्युवलाई प्रयोग गरेर । भ्रामक, गाली गलौजर चरित्र हत्या गर्ने काम हुँदै आएको छ । प्रविधिको प्रयोग गरेर गलत र भ्रामक सूचना दिने, अफवाह फैलाउने काम रोकिने अवस्था छैन ।जब सम्म सहि र सत्य तथ्य सूचना जनताले पाउदैनन् तबसम्म मर्यादित पत्रकारिता हराउदै जान्छ । आस,त्रास र प्रभावबाट पत्रकार मुक्त हुने अवस्था बनाउने काम राज्यको हो । प्रेस स्वतन्त्रता दिवसका अबसरमा आँफु जलेर अरुलाई उज्याले दिने पत्रकारहरुलाई हार्दिक शुभकामना ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# आगलागीमा परी वृद्ध दम्पतीको मृत्यु

**रासस**
काठमाडौं, २० वैशाख

धादिङको थाक्रे गाउँपालिका-५ पुरानडाँडास्थित घट्टेखोला भन्ने ठाउँको एक घरमा आगलागी हुँदा वृद्ध दम्पतीको मृत्यु भएको छ ।

बुधबार राति ७० वर्षीय तेजबहादुर लामाको एकतले घरमा आगलागी हुँदा उहाँ र उहाँकी ७० वर्षीया पत्नी ठूली लामाको मृत्यु भएको धादिङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक गौतम केसीले राससलाई बताउनुभयो । घरमा भएका अन्नपात र लत्ताकपडा सबै नष्ट भएको छ । “राति करिब ११:३० बजे घरमा आगो लागेको खबर पायौं । हाप्सेचौर अस्थायी प्रहरी चौकी र इलाका प्रहरी कार्यालय खानीखोलाको टोली घटनास्थल पुग्दा उहाँहरूको मृत्यु भइसकेको थियो”, प्रहरी उपरीक्षक केसीले भन्नुभयो । यसैबीच गोरखामा आगलागीबाट दुईवटा घर र चारवटा गोठ जलेका छन् । गोरखा नगरपालिका-५, स्थित ठूलोरिपमा घर नजिकै जङ्गलमा लागेको डढेलो बस्तीमा पुग्दा स्थानीय पार्वती राना र रुपा रानाको घर जलेका हुन् ।

आगलागीबाट पार्वतीको दुईकोठे र रुपाको दुईकोठे घर पूर्णरुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय गोरखाका स्प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो। सोही ठाउँका पूर्णबहादुर मगरको गोठ पनि जलेको उहाँले बताउनुभयो । पालुङटार नगरपालिका-९ चालिसेडाँडामा आगलागीबाट तीनवटा गोठमा क्षति भएको छ । गोठमा बाँधेको एउटा गाई पनि मरेको छ। यसैबीच, नेपाल रेडक्रस सोसाइटी गोरखा शाखाले ठूलोरिपका आगलागी पीडितलाई राहत सामग्री उपलब्ध गराएको छ । आगलागीबाट घर र गोठमा क्षति पुगेका परिवारलाई आपत्कालीन सहयोग उपलब्ध गराइएको शाखाका कार्यालय प्रमुख सुवास घिमिरेले बताउनुभयो ।

# मादी नदीमा धमाधम पुल निर्माण हुँदै



**रासस**
तनहुँ, २० वैशाख

मुग्लिन-पोखरा सडकखण्ड अन्तर्गत तनहुँको व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा धमाधम पुल निर्माण भइरहेको छ ।

सवारी साधन सञ्चालन गर्न मिल्ने तीन सय १५ मिटर लामो पुलको २० प्रतिशत निर्माण पूरा भएको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाले जनाएको छ । निर्माणाधीन पुलको सात वटा ‘फाउण्डेसन’मध्ये पाँच वटाको काम धमाधम भइरहेको छ । वर्षायाम प्रारम्भ हुनुअघि फाउण्डेसनको सबै काम सम्पन्न गर्ने लक्ष्यका साथ धमाधम काम भइरहको आयोजनाका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो ।

“उक्त कार्य सम्पन्नपश्चात् पानीमाथि गरिने ‘सुपर स्टक्चर’बाहेक अन्य फाउन्डेसनका कार्य गर्ने लक्ष्य छ”, उहाँले भन्नुभयो, “अहिले पानीमुनि गरिने पाइलिङ, पाइल क्याप र पिलरको काम भइरहेको छ ।” हालको पुलबाट करिब ५० मिटर पर नयाँ पुल निर्माण भइरहेको छ”, उहाँले भन्नुभयो, “पुल निर्माणका लागि रु एक अर्ब २१ करोडमा ठेक्का सम्झौता छ ।” उक्त राजमार्गमा पूर्वी र पश्चिम गरी दुई खण्डमा सडक विस्तारका जारी छ ।

# चार सय ३६ स्थानमा वन डढेलो

**रासस**
काठमाडौं, २० वैशाख

देश भर वन डढेलोको अवस्था विकराल बन्दै गइरहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आज ५३ जिल्लाका चार सय ३६ स्थानमा वन डढेलो लागिरहेको छ ।

प्राधिकरणका डढेलोविद् सुन्दर शर्माले लामो समयसम्म पानी नपर्ने र हावा चलेका कारण डढेलो फैलिरहेको बताउनुभयो । “आज पनि देशभर डढेलोको अवस्था विराल बनेको छ । नेपालको भौगोलिक बिकटताका कारण नियन्त्रणमा थप समस्या उत्पन्न भइरहेको छ,” उहाँले भन्नुभयो, “पानी परेको छैन तर हावा हुरीका कारण डढेलो फैलिरहेको छ ।” उहाँका अनुसार कैलाली, डोटी, सल्यान, दैलेख, पाल्पालगायतका जिल्ला डढेलोका कारण बढी प्रभावित बनेका छन् । उहाँका अनुसार नेपालमा साधरणतया वर्षमा दुई हजार पाँच सयको हाराहारीमा डढेलाको घटनाहरु हुन्छन् ।

“असी प्रतिशत वन डढेलाको घटनाहरु फागुनको मध्यदेखि जेठको मध्यसम्म ४ महिनामा हुने गर्छन् । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डढेलोको घटनाहरु हुने गर्छन् । यसकारण अहिले हामी उच्च जोखिममको समयमा छौं”, शर्माले भन्नुभयो । मध्य फागुनदेखि जेठको मध्यसम्म डढेलाको घटनाहरु हुने भएकाले यो समयमा सतर्क भएर बस्नुपर्ने अवस्था भएको उहाँले बताउनुभयो ।

प्राधिकरणका अनुसार बुधबार ३९ जिल्लाका एक सय ६५ स्थानमा वन डढेलो लागेको थियो ।

# रानाभाट/भाट जातीलाई छुट्टै जातिमा सुचिकृत गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २० वैशाख



रानाभाट तथा भाट जातीमा रहेको अन्योल छिट्टै अन्त्य हुने भएको छ । रानाभाट तथा भाट जातिलाई छुट्टै जातिमा सुचिकृत गर्ने कार्य अन्तिम अबस्थामा पुगेको छ । बुधबार पोखरामा आयोजित एक कार्यक्रममा रानाभाट तथा भाट समाज नेपालका केन्द्रिय उपाध्यक्ष श्रीबहादुर रानाभाटले रानाभाट तथा भाट जाती सुचिकृतको अन्तिम अबस्थामा पुगेको छ । समाजको १० वर्ष देखिको मेहनतको फल प्राप्त हुन लागेको उनले वताए । रानाभाट तथा भाट समुदायले सुचिकृत नहुँदा ब्राह्मण र क्षेत्री भित्र आफुलाई राख्दै आएका थिए । आफ्नो छुट्टै भेष भुषा र भाषा भएका विभिन्न थर र गोत्र भएका रानाभाट तथा भाट समुदायलाई छुट्टै जातिमा समावेश गर्नुपर्ने धारण राख्दै आएका समाजका बुद्धिजीवीले समाजको अभियानले सार्थक पाउनेमा आशावादी रहेको बताए । स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण बहादुर रानाभाटले पुनः जागरण बेलाको समाजका गतिविधि बारेमा बताउँदै रानाभाट तथा भाटको आफ्नै मौलिक भाषा रहेको अध्ययनबाट तथ्य फेला परेको बताएकाले अब आफ्नो भाषाको संरक्षण र प्रवर्द्धनमा सबै लाग्नु पर्ने आबश्यकता रहेको बताए । सो अबसरमा केन्द्रिय सदस्यहरु महेन्द्र रानाभाट, कृष्ण बहादुर रानाभाट, प्रबासी नेपाली समाजका पुर्व अध्यक्ष राम रानाभाट, तनहुँ जिल्ला अध्यक्ष वेल बहादुर रानाभाट, कास्की जिल्ला संस्थापक अध्यक्ष तथा पवित्र सहकारीका अध्यक्ष बुद्धि बहादुर रानाभाटलगाएतले वोलेका थिए । प्रदेश समिति अध्यक्ष सुरज रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्षद्वय मिना रानाभाटले स्वागत र प्रेम रानाभाटले धन्यवाद तथा संचालन सचिव शिवबहादुर रानाभाटले गरेका थिए ।

# पर्वतको कुश्माबजारमा खानेपानीको अभाव, लोडसेडिङ सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, २० वैशाख

लामो समयदेखिको खडेरीका कारण मुहान सुकेपछि पर्वत सदरमुकाम कुश्माबजारमा खानेपानीको अभाव भएको छ ।

नियमित आउने स्रोतमा पानीको मात्रा घट्दै गएपछि मङ्गलबारदेखि खानेपानीको ‘लोडसेडिङ’ सुरु भएको छ। बजार क्षेत्रमा खानेपानीको व्यवस्थापन गर्दै आएको शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले मङ्गलबारदेखि लागू हुनेगरी अनिश्चितकालका लागि लोडसेडिङ सुरु गरेको हो । प्रत्येक दिन बिहान र बेलुका दुई समय धारामा खानेपानी आउने गरेकोमा लोडसेडिङ गरी बिहान वा बेलुका मात्र पानी उपलब्ध गराउन थालिएको छ । बजारको आधा भागमा बिहान र आधा भागमा बेलुका पानी दिनेगरी समय व्यवस्थापन गरिएको संस्थाले जनाएको छ । बढ्दो खडेरीका कारण अहिले खानेपानीको मुख्य ट्याङ्कीमा प्रतिसेकेन्ड ३३ लिटरका दरले पानी खसिरहेको छ । बजारको मागअनुसार पानीको आपूर्ति दिनका लागि प्रतिसेकेन्ड ६० लिटरका दरले पानी खस्नुपर्ने भए पनि आधाभन्दा कम पानी आएका कारण लोडसेडिङ गर्नुको विकल्प नभएको शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका अध्यक्ष रविकुमार श्रेष्ठले जानकारी दिनुभयो । खडेरीका कारण २४ घण्टामा जम्मा २८ लाख ५१ हजार दुई सय लिटर पानीको आपूर्ति भइरहेको उहाँले बताउनुभयो । बजारको मागअनुसार पानी वितरण गर्नका लागि प्रत्येक २४ घण्टामा ५१ लाख ८४ हजार लिटर पानी आवश्यकपर्ने श्रेष्ठले बताउनुभयो । खडेरीका कारण बजारवासीले तरकारीखेतीका लागि पनि पानी प्रयोग गर्ने गरेकाले अन्य समयभन्दा बढी माग हुने गरेको उहाँले बताउनुभयो । कतिपय ग्राहकले धाराबाटै मोटर लगाएर पानी तानिदिँदा सबैले समानरुपमा उपभोग गर्न नपाएको संस्थाको गुनासो रहेको छ । अहिले कुश्माबजारमा मोदी गाउँपालिकाको पाती खोलाबाट १६लिटर,कुश्मानगरपालिकास्थित खुर्कोटको केवादी खोलाबाट सात लिटर, फाप्रे खोला लिफ्टिङबाट पाँच लिटर र डिप बोरिङबाट पाँच लिटर गरी प्रतिसेकेन्ड ३३ लिटरका दरमा पानी आइरहेको छ । अब बर्खा लागेपछि प्रतिसेकेन्ड ३५ लिटरसम्म पानी आउने केवादी खोला अहिले सात लिटरमा पुगेको छ । पानीको आपूर्तिमा नै समस्या भएपछि मङ्गलबारदेखि लागू हुने गरेर संस्थाले बजारका विभिन्न क्षेत्रमा पालोअनुसार पानीको वितरण गर्न पानीको ‘लोडसेडिङ’ सुरू गरेको हो । कुश्मा बजारका विभिन्न भागहरुलाई छ भागमा बाँडेर तीमध्येका तीन वटामा बिहानको समय र तीन वटामा बेलुकाको समयमा मात्रै आपूर्ति व्यवस्था मिलाइएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । गर्मी तथा खडेरीकै बेलामा पानीको आपूर्ति माग बढी हुने भए पनि यही बेलामा पानीको समस्या झेल्नुपर्दा बजारवासी समस्यामा परेका छन् ।

# सुन्तला बेचेर म्याग्दीमा रु २१ करोड भित्रियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २० वैशाख

म्याग्दीका किसानले सुन्तला बेचेर यस वर्ष रु २१ करोडभन्दा बढी भित्र्याएका छन् । सुन्तला म्याग्दीबाट निकासी हुने प्रमुख कृषिउपज हो ।

म्याग्दीमा यस वर्ष उत्पादन भएको तीन हजार छ सय मेट्रिक टन सुन्तला बिक्रीबाट रु २१ करोड ६० लाखको कारोबार भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका सूचना अधिकारी सम्झना आचार्यका अनुसार गत वर्ष रु १७ करोडको सुन्तला उत्पादन र बिक्री भएको थियो । सुन्तला प्रतिकिलो रु ५५ देखि रु ६० का दरले बिक्री भएको छ ।

बेनी नगरपालिकाबाट सबैभन्दा बढी रु तीन करोड ३८ लाखको सुन्तला उत्पादन तथा बिक्री भएको छ । मालिका गाउँपालिकाबाट रु एक करोड ३६ लाख, अन्नपूर्ण गाउँपालिका र मङ्गला गाउँपालिकाबाट क्रमशः रु एक करोड ३० लाखको दरले सुन्तला बिक्री भएको छ । धवलागिरि गाउँपालिकाबाट रु ३० लाख ७० हजार तथा रघुगङ्गाबाट रु २५ लाखको सुन्तला बिक्री भएको सूचना अधिकारी शर्माले बताउनुभयो । बेनी नगरपालिका-३ भकिम्ली, मरेक र राखु क्षेत्रबाट मात्रै रु दुई करोड २० लाखको सुन्तला निकासी भएको छ । बेनी नगरपालिका-४ को सिङ्गास्थित थामडाँडा, बास्कुना र सुर्केमेलाबाट रु एक करोड १० लाखको सुन्तला निकासी भएको वडा सदस्यसमेत रहेका किसान सन्दीप खत्रीले बताउनुभयो । म्याग्दीमा आठ सय १० हेक्टर क्षेत्रफलको जमिनमा सुन्तलाखेती गरिएकामा चार सय २० हेक्टरमा लगाइएको सुन्तलाले उत्पादन दिएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो । “सुन्तलाको प्रतिहेक्टर आठ दशमलव छ मेट्रिक टन उत्पादकत्व रहेको छ”, उहाँले भन्नुभयो, “अनुकूल मौसम, रोग तथा कीराको प्रकोप नियन्त्रण, किसानलाई बीउमल, विषादी, कृषि औजार एवं सामग्रीमा अनुदान सहयोग तथा क्षेत्रफल विस्तारले सुन्तलाको उत्पादन बढेको हो ।” कृषि ज्ञान केन्द्र, स्थानीय तहको कृषि शाखा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुन्तला जोनका प्राविधिकले म्याग्दीका विभिन्न ठाउँमा ऋप कटिङ विधिबाट सुन्तला उत्पादनको अवस्था अध्ययन गरेका थिए । जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिनलगायतका बजारमा सुन्तला निकासी भएको बेनी नगरपालिका-३ राखुका किसान खिम पुनले बताउनुभयो । राखु, मरेक, सुर्केमेला, बरंजा, भेडाबारी, अर्मन, रुम्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, धार, भुरुङ तातोपानी, दाना र नारच्याङमा दुई सयभन्दा बढी सुन्तला बगैँचा छन् । यातायात सुविधा भएकाले ब्यापारी सुन्तला किन्न गाडी लिएर बगैँचामै पुग्ने गरेका छन् । सुन्तलाखेती विस्तार, बगैँचा व्यवस्थापन र नर्सरी स्रोत केन्द्र स्थापनासम्बन्धी कार्यक्रमका लागि चालु आर्थिक वर्षमा कृषि ज्ञान केन्द्रले ५१ वटा फार्म, समूह र सहकारीका लागि रु ६२ लाख अनुदान दिन छनोट गरेको जनाएको छ ।

# आगलागीबाट क्षति भएको नैना दोहोरीलाई रात्रिकालीन व्यवसायीहरुको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

आगिलागीबाट पूर्ण रुपमा क्षति भएकोपोखरा ८ सिर्जनाचोकमा रहेको नैना दोहोरी साँझलाई पोखरा लोकदोहोरी रेष्टुरेन्ट व्यवसायी संघको पहलमा संकलित सहयोग रकम प्रदान गरिएको छ।

संघको पहलमा संकलित २ लाख ११ हजार ६ सय १० रुपैयाँ राष्ट्रिय लोकदोहोरी व्यवसायी संघका अध्यक्ष बनोद श्रेष्ठको नेतृत्वको टोलीले नैना दोहोरी साँझका सञ्चालक विष्णु आचार्य कमल र आचार्यका श्रीमती सुनिता आचार्यलाई प्रदान गरिएको हो। सो अवसरमा वोल्दै नेपाल राष्ट्रिय लोकदोहोरी व्यवसायी संघका अध्यक्ष बिनोद श्रेष्ठले व्यवशायीहरु एक अर्कालाई परेको दुखमा साथ दिन तयार रहेको वताउदै विभिन्न ठाँउमा छरिएर रहेको व्यवशायीहरु बीच सहकार्य गरेर सहयोग गर्न पाउदा खुसी लागेको वताए।

अर्कालाई परेको दुख पिडा लाई पनि आफ्नै ठानेर सहयोग गर्ने सम्पूर्ण संघ संस्था र व्यवशायीहरुलाई समेत उनले धन्यवाद व्यक्त गरे।



नैना दोहोरी साँझका सञ्चालक सुनिता आचार्यले आफुहरुको पिडामा मलम लगाउने काम गरेकोमा सहयोगी प्रति धन्यवाद व्यक्त गरिन।

संघको पहलमा संकलित रकम राष्ट्रिय लोकदोहोरी व्यवशायी संघ बाट ५५ हजार ५ सय ५५, नेपाल राष्ट्रिय लोकदोहोरी व्यवसायी संघबाट ५० हजार, नेपाल रात्रिकालीन मनोरन्जन व्यवसायी संघ कोटेश्वर बाट ५१ हजार, रात्रिकालिन मनोरन्जन व्यवसायी संघ चाबहिलबाट २० हजार, पोखरा लोकदोहोरी रेष्टुरेन्ट व्यवसायी संघबाट २५ हजार, गोधुली दोहोरी साँझ बुटवलका सञ्चालक राम न्यौपानेबाट ५ हजार, मादी सेती दोहोरी साँझ दमौलीका सञ्चालक सुभद्रा श्रेष्ठबाट ५ हजार ५५ गरि जम्मा २ लाख ११ हजार ६ सय १० रुपैया प्रदान गरिएको पोखरा लोकदोहोरी व्यवसायी संघको अध्यक्ष जीवन गुरुङले जानकारी दिए। गुरुङका अनुसार संघले अफ्ठेरोमा परेका व्यवसायी तथा कलाकारहरुलाई कोरोनाको समयमा पनि सहयोग गरेको वताउदै आगामी दिनमा पनि व्यवसायी र कलाकारहरुको संरक्षणमा संघ कटिवद्ध भएर लाग्ने बताए। सहयोग कार्यक्रममा पोखरा लोकदोहोरी रेष्टुरेन्ट व्यवसायी संघका सल्लाहकार चन्द्र गुरुङ, उपाध्यक्ष बिरेन्द्र के.सी., कोषाध्यक्ष विष्णु गुरुङ लगायतको उपस्थिति रहेको थियो।

# उदीयमान खेलाडीमा ज्योत्सनिका, दिलासा र बादलको प्रतिष्पर्धा

**पोखरापत्र संवाददाता**
पोखरा, २० बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०८० को तयारी तीव्र छ।

यहीं बैशाख २८ गते शुक्रबार हुने अवार्डका लागि ४ विधामा उत्कृष्ट तीन खेलाडीको मनोनयन सार्वजनिक गरिएको छ। जसमध्ये उदीयमान खेलाडीतर्फको विधामा क्रिकेटकी ज्योत्सनिका मरासिनी, ब्याडमिन्टनकी दिलासा राना र एथलेटिक्सका बादल कार्की उत्कृष्ट तीनमा परेका छन्।

**ज्योत्सनिका मरासिनी (क्रिकेट)**

१३ वर्षमै राष्ट्रिय प्रतियोगितामा चर्चा पाएको नाम हो ज्योत्सनिका मरासिनी। स्याङ्जा जन्मिएकी मरासिनीले २०७७ सालमा दाङमा भएको प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट डेब्यु गरेकी थिइन्। १३ वर्षको उमेरकी मरासिनीले आफूभन्दा दोब्बर बढी उमेरका दिदीहरू विरुद्ध क्रिकेट खेल्दै धेरै चर्चा बटुलेकी हुन्। उनले प्रदर्शन पनि उत्तिकै राम्रो गरेकी थिइन्। घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गरेकी ज्योत्सनिकाले कम उमेरका कारण २०७९ मा मलेसियामा भएको यु-१९ विश्वकप गुमाएकी थिइन्। यस वर्ष भएको प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेटमा १६ वर्षकी ज्योत्सनिका प्रतियोगिताकै उदीयमान खेलाडी घोषित भइन्। २०८० मा भएको सिनियर टोलीको एसिस महिला प्रिमियर कपको क्लोज क्याम्पमा परे पनि अन्तिम टोलीमा भने नाम बनाउन सकिनन्। उनले नेपाल क्रिकेट सङ्घ (क्यान) ले गर्ने केन्द्रीय सम्झौतामा उदीयमान खेलाडीको




रूपमा स्थान बनाएकी छन्। यस वर्ष नेपालगन्जमा भएको सुशील कोइराला मेमोरियल यु-१९ क्रिकेट प्रतियोगितामा ज्योत्सनिका चौथो सर्वाधिक रन बनाउने खेलाडी बनिन्। चितवनमा भएको मैयादेवी यु-१९ राष्ट्रिय क्रिकेटमा गण्डकी उपविजेता बन्यो। उक्त प्रतियोगितामा ज्योत्सनिका सर्वाधिक रन बनाउने खेलाडीको दोस्रो नम्बरमा रहिन्। प्रदेशस्तरीय प्रधानमन्त्री कपमा उनी उत्कृष्ट बलर घोषित भइन्।

**दिलासा राना (ब्याटमिन्टन)**

१० वर्षको उमेरमा बाबाले खेलेको खेल पछ्याएकी दिलासा राना सानै उमेरमा अन्तर्राष्ट्रिय खेल मात्र खेलेकी छैनन्, नेपाललाई अन्तर्राष्ट्रिय पदकसमेत दिलाएकी छन्। लकडाउनको समयबाट उनले ब्याडमिन्टन खेल्न सुरु गरेकी हुन्। उनले यो वर्ष नेपालमा भएको साउथ एसियन रिजन जुनियर च्याम्पियनसिपमा ३ पदक जित्न सफल भइन्। त्यसमा उनले एक रजत र दुई कास्य पदक जितेकी हुन्। उनले २०७९ मा गण्डकी प्रदेश भएको नवौं राष्ट्रिय खेलकुदबाट राष्ट्रिय प्रतियोगितामा डेब्यु गरेकी थिइन्। त्यसयता उनले जुनियर स्तरमा राष्ट्रिय प्रतियोगितामा आफ्नो पकड जमाउन सफल भएकी छन्। उनले पुष्पलाल राष्ट्रिय यु-१९ प्रतियोगितादेखि अन्तर प्रदेश राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा पदक जितिसकेकी छन्। उनले फागुनमा काठमाडौंमा भएको १३औं पुष्पलाल स्मृति राष्ट्रिय र्‍याङकिङ ब्याडमिन्टनमा जुनियरतर्फ उपाधि जितेकी हुन्। चितवनमा भएको अन्तर प्रदेश राष्ट्रिय खेलकुदमा दिलासाले ३ पटक हार पारिन्। उनले डब्बलमा प्रथम, मिक्स डब्बलमा दोस्रो र सिङ्गलमा तेस्रो भइन्। गत पुसमा भएको ललितपुर मेयर कपको दोस्रो र दोस्रो मोहन भुंगल फाउन्डेसन जुनियर राष्ट्रिय प्रतियोगितामा पहिलो हुन सफल भइन्।

**बादल कार्की (एथलेटिक्स)**

एथलेटिक्सका भविष्य हुन्, बागलुङका बादल कार्की। बागलुङ काठेखोला गाउँपालिका ७ का १७ वर्षीय बादलले नेपालबाट अन्तर ष्ट्रिय स्तरमा पदक ल्याउनेदेखि म्याराथन दौडनसमेत भ्याइसकेका छन्। उनले भारतको नागाल्यान्डमा भएको यु-२० साउथ एसियन क्रस कन्ट्री प्रतियोगिता अन्तर्गत ८ किमी दौडमा नेपालको तर्फबाट कास्य पदक जितेका थिए। यस्तै पोखरा सञ्चालन हुने सफल पोखरा म्याराथनमा २ वर्ष अघि नै भाग लिएका थिए। सानै उमेरमा उनले ४२ किलोमिटर दुरी पूरा गरे।

कार्कीले भर्खरै सकिएको १४औं केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्डअन्तर्गत एथलेटिक्स खेलमा दुई स्वर्ण पदक जित्न सफल भए। १५०० र ८०० मिटर इभेन्टमा उनले स्वर्ण पदक जितेका हुन्। उनले तेस्रो पटकमा राष्ट्रपति रनिङ शिल्डमा पदक जित्न सफल भएका हुन्। उनी जिल्ला, प्रदेशमा पदक जित्दै केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्डमा भाग लिएका थिए। उनले प्रदेश स्तरमा दुई स्वर्ण, एक रजत र एक काश्य जितेका थिए। जिल्ला स्तरीय प्रतियोगितासमेत उनको प्रदर्शन उत्कृष्ट थियो। २०७९ मा गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुदमा ३ हजार मिटर स्टपल चेजमा दौडेका बादल छैटौं भएका थिए।

पोखरा सभागृह हलमा हुने स्पोर्ट्स अवार्डमा उदीयमान खेलाडी सहित कुल ७ विधामा अवार्ड प्रदान गरिनेछ। वर्ष खेलाडी पुरुष र महिला हुन सफल खेलाडीले इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए। लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ। वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार सहित ट्रफी पाउने महासचिव पौडेलले खुलाए।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहनेछ भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गर्नेछ। पोखरा महानगरपालिका र राष्ट्रिय खेलकुद परिषदले सघाउनेछन्।

# बेसहारा र अपाङ्गता भएकाहरुको घरदैलोमै चिकित्सक

**पोखरापत्र संवाददाता**
बागलुङ, २० बैशाख

बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखराका हर्कबहादुर सार्की 'क' वर्गको अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ। केही वर्षअघि शारीरिक अपाङ्गता भएका सार्कीलाई हिँड्डुल गर्नसक्ने भएकाले 'ग' वर्गको अपाङ्गता परिचयपत्र दिइएको थियो।

उहाँको स्वास्थ्य अवस्था बिग्रिँदो थियो। शारीरिक समस्या थप हुने, उपचार गर्दा निको नहुने भएकाले उहाँ लामो समय थलिनुभयो। ओछ्यानमा आराम गरिरहनुभएका सार्कीलाई अपाङ्गताको बिग्रँदो अवस्थामा थप सुविधा पाउनेगरी परिचयपत्र पाइन्छ भन्ने थाहै थिएन। सामान्य परिवारका हर्कबहादुरको हिँडेर गाउँपालिका पुग्ने अवस्था थिएन। गाउँपालिका पुगेर मात्रै हुँदैनथ्यो। धौलागिरि अस्पताल पुगेर चिकित्सकको सिफारिस ल्याउने पनि त अवस्था थिएन्। सवारी साधन रिजर्भ गरेर अस्पताल र पालिकासम्म पुग्न उहाँसँग आर्थिक अभाव थियो।

गाउँपालिकाले अपाङ्गता परिचयपत्र पाएका सबैको नियमित अनुगमन गर्ने गरेको छ। उपचारका क्रममा रहेका अपाङ्गता भएको अवस्था बुझ्ने, अपाङ्गताको बिग्रँदो र सुधार भइरहेको अवस्था बुझ्ने गरेको गाउँपालिकाले हर्कबहादुरबारे जानकारी पायो। उहाँलाई 'क' वर्गको अपाङ्गता परिचयपत्र दिनका लागि गाउँपालिकाले चिकित्सक नै उहाँको घरमा लिएर गयो। गाउँपालिकाको प्रशासनिक जनशक्ति र जनप्रतिनिधिसँगै पुगेर उनलाई 'क' वर्गको अपाङ्गता परिचयपत्र दिइयो। घरमै पुगेर चिकित्सकले जाँच गरेपछि परिचयपत्र पाउने हर्क एक्ला व्यक्ति भने हुनुहुन्न। काठेखोला गाउँपालिका-७ रेशकी डम्मिकला थापाले पनि आफ्नै आँगनमा सबै प्रक्रिया पूरा गरेर 'क' वर्गकै परिचयपत्र पाउनुभयो। काठेखोला गाउँपालिकाले असहाय अपाङ्गता भएका व्यक्तिका लागि घरमै पुगेर सबै सेवा दिने गरेको छ।

"सबैलाई घरघरमै चिकित्सक पुऱ्याउँदा सम्भव हुँदैन, वडा अध्यक्षले सिफारिस गरेपछि असहाय भएको प्रमाणित भए हामीले पालिकाकै गाडीमा चिकित्सक लिएर सम्बन्धित व्यक्तिको घरमै पुग्छौं", गाउँपालिकाका उपाध्यक्ष तेजबहादुर थापाले भन्नुभयो, "खर्च, समय र शारीरिक अवस्थाका आधारमा बेसहारा अपाङ्गता भएका व्यक्तिका घरमै चिकित्सक पुऱ्याउने गरिएको हो।" अपाङ्गता भएका व्यक्तिलाई जस्तै गाउँपालिकाले ज्येष्ठ नागरिक, पछि परेको समुदाय र महिला तथा बालबालिकाका क्षेत्रमा पनि घरदैलो सेवा, उपचार सेवाजस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ। ज्येष्ठ नागरिक र एकल महिलाका लागि बैंकसँग सहकार्य गरेर घरघरमै साजिक सुरक्षा भत्ता पुऱ्याउन पालिका तल्लीन छ। गाउँपालिकामा ५१ जना श्रमिक तथा परिवारले यो वर्षमात्रै राहत रकम पाएका छन्। सामाजिक सुरक्षाअन्तर्गत गाउँपालिकाले रोजगार शाखामार्फत कामका क्रममा अङ्गभङ्ग भएका श्रमिकलाई विधिअनुसारको राहत र मृत्यु भएका श्रमिकको परिवारलाई मृत्यु राहत दिने गरेको छ। "सामाजिक सुरक्षाको पाटो असाध्यै महत्वपूर्ण र घरदैलोमा जोडिने पाटो हो, हामी नीति नियम कार्यान्वयनमा जिम्मेवार भएर लागेका छौं", गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खगराज गौतमले भन्नुभयो। गाउँपालिकाले सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग सहकार्य गरेर पनि नागरिकमैत्री सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्ने गरेको छ।

# वेस्ट इन्डिज 'ए'लाई टी-ट्वान्टी शृङ्खलाको उपाधि

**रासस**
काठमाडौं, २० बैशाख

नेपालसँगको टी-ट्वान्टी शृङ्खलाको उपाधि वेस्ट इन्डिज 'ए'ले जितेको छ। एक खेल अगावै वेस्ट इन्डिज 'ए'ले सो उपाधि ३-१ ले आफ्नो पक्षमा पारेको हो।

पाँच खेलको शृङ्खलाअन्तर्गत बिहीबार भएको चौथो खेलमा वेस्ट इन्डिज 'ए'ले नेपाललाई २८ रनले पराजित गरेको हो। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको वेस्ट इन्डिज 'ए'ले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै दुई सय ९ रनको योगफल बनायो। दुई सय १० रनको विजयी लक्ष्य पछ्याएको नेपालले २० ओभरमा सबै विकेट गुमाएर एक सय ८१ रन मात्र बनायो। वेस्ट इन्डिज 'ए'का लागि आन्द्रे फ्लेचरले सर्वाधिक ८४ रनको योगदान दिए। उनले ५४ बल खेल्ने क्रममा नौ चौका र चार छक्का प्रहार गरे। यस्तै जोनसन चार्ल्सले ३० बलमा ६ छक्का र तीन चौकाको मद्दतमा ५८ रन बनाए। फाबियन एलनले अविजित ३३ रन बनाए।

बलिङतर्फ नेपालका लागि कुशल भुर्तेलले दुई तथा प्रतिश जिसीले एक विकेट लिए। नेपालका लागि एक सय ८१ रन बनाउने क्रममा कप्तान रोहितकुमार पौडेलले ८२ रनको योगदान दिए। उनले ४७ बल खेल्दै सात चौका र पाँच छक्का हिर्काए। वेस्ट इन्डिज 'ए'सँगको पहिलो खेलमा उनले एक सय १२ तथा दोस्रो खेलमा अविजित ७१ रन बनाएका थिए। तेस्रो खेलमा भने कप्तान पौडेललाई आराम दिइएको थियो। बलिङतर्फ वेस्ट इन्डिज 'ए'का हेडन वाल्स र म्याथ्यु फर्डले तीन तीन तथा फेबियन एलेन र गुडाकेश मोटीले दुई दुई विकेट लिए। जारी शृङ्खलाअन्तर्गत नेपाल र वेस्ट इन्डिज 'ए'बीचको अन्तिम खेल शनिबार हुनेछ।

# टाढाका विद्यार्थीलाई आवासीय सुविधा

**पोखरापत्र संवाददाता**
बागलुङ, २० बैशाख

बागलुङ नगरपालिकाले नयाँ शैक्षिकसत्र सुरु भएसँगै विद्यार्थी कम भएका विद्यालयको तह मिलान गरेको छ।

नगरपालिकाले यस वर्ष ३५ विद्यालयको तह मिलान तथा स्थगन गरेको हो। पछिल्लो समय गाउँका विद्यालयमा विद्यार्थीको सङ्ख्या निकै कम छ। यस शैक्षिकसत्रमा ३३ विद्यालयको तह मिलान र दुई विद्यालय स्थगन गरेको हो। तह मिलान तथा स्थगनपछि समस्यामा परेका विद्यार्थीलाई लक्षित गरी यसै वर्षदेखि तीन विद्यालयलाई आवासीय बनाइने भएको छ। देशैभरमा सबैभन्दा बढी विद्यालय हुने नगरपालिकाकारूरुपमा रहेको बागलुङ नगरपालिकाले अघिल्लो वर्ष वडा नं १२ स्थित कालीगण्डकी प्राथमिक विद्यालय र वडा नं १३ स्थित लक्ष्मीनारायण पाठशाला स्थगन भएका थिए। यस वर्ष वडा नं ९ स्थित रानीभूमे प्राथमिक विद्यालय र सोही वडाको सरस्वती प्राथमिक विद्यालयलाई स्थगन गरिएको हो। स्थगनपछि विद्यालय टाढा पर्ने विद्यार्थीका लागि आवासीय सुविधा दिनेगरी काम अगाडि बढाइएको नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो। पहिलो चरणमा भौगोलिक, सामाजिक, आर्थिक कारणले विद्यालयको पहुँचमा पुग्न समस्या भएका बालबालिकाका लागि आवासीय सुविधा दिने उहाँको भनाइ छ। नगर उपप्रमुख खड्काका अनुसार बागलुङ-७ स्थित विश्वकर्मा माध्यमिक विद्यालय, वडा नं ११ को महाविद्याजन माध्यमिक विद्यालय रायडाँडा र वडा नं १२ को पृथ्वीहिरण्य माध्यमिक विद्यालयलाई आवासीय रूपमा सञ्चालन गरिने छ। विद्यालयमा विद्यार्थी सङ्ख्या थोरै हुँदा शिक्षण क्रियाकलाप प्रभावकारी नहुने र बढी खर्च हुने हुँदा विद्यालयको तह मिलान तथा स्थगन गरेको उहाँको भनाइ छ। तह मिलानपछि शैक्षिक गुणस्तरसमेत वृद्धि हुने उपप्रमुख खड्का बताउनुहुन्छ। "नगरपालिकामा झण्डै सयको हाराहारीमा विद्यालय छन्, ती विद्यालयमा विद्यार्थी निकै कम भएको हुँदा यस वर्ष हामीहरुले धेरै विद्यालयको तह मिलान गरेका छौं, पोहोर र यस वर्ष गरी चार विद्यालय स्थगन नै गरिसकेका छौं", उहाँले भन्नुभयो, "सुरुआती चरणमा तीन विद्यालयमा आवासीय सुविधा दिनेगरी सञ्चालनको तयारी छ, पछि आवश्यकताका आधारमा अन्य विद्यालयमा पनि आवासीय सुविधा थप्ने योजना छ।" शिक्षा अनुगमन समितिले नगरपालिकाभित्रका ४८ विद्यालय अध्ययन गरी आवश्यकता र समस्याको पहिचान गरी विद्यालयको स्थगन तथा तह मिलान गरिएको नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले जानकारी दिनुभयो। तह मिलनपछि अब बाल विकास केन्द्र सञ्चालन हुने विद्यालयको सङ्ख्या आठ, बाल विकास केन्द्र र कक्षा १ मात्र सञ्चालन हुने विद्यालयको सङ्ख्या ११, कक्षा १ मात्र सञ्चालन हुने विद्यालय एक, कक्षा १ देखि ३ सम्म सञ्चालन हुने विद्यालय सङ्ख्या पाँच, कक्षा १ देखि ४ सम्म सञ्चालन हुने विद्यालय दुई र चार विद्यालयमा कक्षा १ देखि ६ सम्म सञ्चालन हुने तथा विद्यालय स्थगन र तह मिलानपछि शिक्षकहरूलाई सोही वडाभित्रका आवश्यक रहेका विद्यालयमा दरबन्दी मिलान गरी व्यवस्थापन गरिने उहाँको भनाइ छ। शिक्षा अनुगमन समितिले तय गरेको मापदण्डअनुसार स्थगनपछि विद्यार्थी बढ्ने विद्यालयलाई व्यवस्थापनका लागि रु दुई लाख र प्रत्येक तह मिलान हुने विद्यालयलाई प्रतिकक्षा रु २५ हजारका दरले रकम उपलब्ध गराउने पोखरेलले बताउनुभयो। बालबालिकाका लागि नेपाल सरकारले दिएको रु १५ दिवा खाजामा नगरपालिकाले रु पाँच थप गरिदिने उहाँको भनाइ छ। विद्यालय स्थगन र तह मिलानपछि नगरपालिकाले एक वडा एक आवासीय विद्यालय, पढ्दै कमाउँदै कार्यक्रमजस्ता व्यावसायिक र प्राविधिक स्कुल निर्माण गर्ने उद्देश्य राखेको र यस्ता खालका शिक्षामा लगानी गरेमा मात्रै शैक्षिक गुणस्तर वृद्धिमा प्रभावकारी भूमिका खेल्ने उहाँ बताउनुहुन्छ। सो नगरपालिकामा ८२ सामुदायिक र २० संस्थागत विद्यालय सञ्चालनमा छन्। पालिकाभर १६ हजार विद्यार्थी अध्ययनरत रहेको नगरपालिकाले जनाएको छ।

# अप्रिलमा नेपाल भित्रने पर्यटक १२ दशमलव ७५ प्रतिशतले बढे

**रासस**
काठमाडौं, २० बैशाख

नेपालमा विदेशी पर्यटक आगमन १२ दशमलव ७५ प्रतिशतले बढेको छ। पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२३ को अप्रिलको तुलनामा सन् २०२४ को अप्रिल सो सङ्ख्यामा पर्यटककाे आगमन बढेको हो।

सन् २०२३ को अप्रिलमा कूल ९८ हजार सात सय ७३ विदेशी पर्यटक आएकोमा सन् २०२४ को सोही अवधिमा एक लाख ११ हजार तीन सय ७६ पर्यटक आएका हुन्। बोर्डका अनुसार सन् २०२२ को अप्रिलमा ६१ हजार पाँच सय ८९, सन् २०२१ मा २२ हजार सात सय ३२, सन् २०२० मा १४ र सन् २०१९ मा एक लाख नौ हजार तीन सय ९९ पर्यटक नेपाल आएका थिए। बोर्डका अनुसार अप्रिलमा नेपाल भित्रने पर्यटकमा सबैभन्दा धेरै भारतीय छन्। सो अवधिमा भारतीय पर्यटक ३० हजार एक सय ५८, अमेरिकी पर्यटक नौ हजार नौ सय ४७, चिनियाँ नौ हजार सात सय ५० विदेशी पर्यटक नेपाल आएका छन्। साथै बेलायतबाट पाँच हजार तीन सय ९१, अष्ट्रेलियाबाट चार हजार एक सय १०, बङ्गलादेशबाट चार हजार तीन, फ्रान्सबाट तीन हजार सात सय ५५, जर्मनीबाट तीन हजार दुई सय ७०, रसियाबाट दुई हजार नौ सय ७७ र मलेसियाबाट दुई हजार तीन सय १० पर्यटक नेपाल आएका छन्।